नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत प्राप्त संस्था
Progressive Finance Limited
प्रोग्रेशिभ फाइनान्स लिमिटेड

# प्रोग्रेशिभ फाइनान्स लिमिटेडको

एक्काइसौं तथा बाइसौं बार्षिक साधारण सभाको

**निर्णय अभिलेख (माइन्यूट)**

१. **सभाको बैधानिकता** :

प्रोग्रेशिभ फाइनान्स लिमिटेडको एक्काइसौं तथा बाइसौं बार्षिक साधारण सभा यस कम्पनीको संचालक समितिको मिति २०७६/०३/०५ गते बसेको संचालक समितिको ४२५औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ तथा यस कम्पनीको नियमावलीको नियम १८ बमोजिम कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री किशोर कुमार महर्जनज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णयहरु भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मितिः २०७६ आषाढ २९ गते आइतबार तदनुसार जुलाई १४, २०१९

समयः दिनको १२:३० बजे

स्थानः ज्यापू पज्ञाभवन, भोलगणेश, ललितपुर

३. **सभाको सूचना** :

कम्पनी ऐन, २०६३ को दफा ६७(२) को प्रावधान अनुसार प्रथम बार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिका लागी शेयरधनीहरुलाई मिति २०७६।०३।०६ को अभियान दैनिक र मिति २०७६।०३।२० गतेको नयाँ पत्रिका दैनिकमा प्रकाशित गरिएको थियो । साथै साधारण सभामा प्रस्तुत गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुलाई बितरणको प्रबन्ध मिलाईएको थियो ।

४. **छलफलका विषयहरुः**

**(क) सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट प्रस्तुत बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ र २०७५ आषाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त आ.व. ०७३/०७४ र आ.व. ०७४/०७५ को नाफा नोक्सानहिसाब र नगद प्रवाह सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा ११३ अनुसार आ.व. ०७४/०७५ को लागि लेखापरीक्षक नियुक्ती गर्न कम्पनी रजिष्ट्रारको कार्यालयको स्वीकृति बमोजिम लेखापरीक्षक श्री एस्.एम.सी. एशोशिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सलाई दिईएको नियुक्ति र पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७५/०७६ को लागि वाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (हालका लेखापरीक्षक श्री एस्.एम.सी. एशोशिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुनःनियुक्ति हुनका लागि योग्यहुनुहुन्छ )
५. संचालक समितिमा बाँकी कार्यकालका लागि भएको संचालकहरुको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।
६. संस्थापक समुह “क” तर्फका ३ (तीन) जना तथा सर्वसाधारण समुह “ख” तर्फका ३ (तीन) संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।
७. विविध ।

Progressive Finance Ltd. 2051

**ख) विशेष प्रस्तावहरुः**

१. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा संसोधन गर्ने सम्बन्धी विषेश प्रस्ताव परित गर्ने तथा प्रबन्धपत्र तथा नियमावलीको संसोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरुप समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

२. यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने, "बैंक तथा वित्तीय संस्था प्राप्ति (Acquisition) सम्बन्धी विनियमावली, २०७०" बमोजिम एक्विजिसन गर्ने गराउने, सो सम्बन्धमा बित्तीय संस्थाको चलअचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन(Due Diligence Audit) गर्ने, मान्यताप्राप्त परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समझदारी पत्र(Memorandum of Understanding) तर्जुमा गर्ने र अन्यप्रक्रिया समेत पूरा गरी सोमा हस्ताक्षर गर्ने लगायत गाम्ने/गाभिने वा एक्विजिसन गर्ने गराउने कार्यसँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी दिने । (विगत साधारण सभाको निरन्तरताका लागि)

**ग) विविधः**

**५. उपस्थिति :**

(१) संचालक समितिका सदस्यहरु जम्मा ५ जना ।

(२) शेयरधनी महानुभावहरुको स्वयं उपस्थिति जम्मा १०८ जना
(साधारण शेयरधनीः ९० तथा संस्थापक शेयरधनीः १८)

(३) प्रोक्सी मार्फत उपस्थिति १९ जना गरी जम्मा उपस्थिति संख्या १२७ जना ।

**५.१** कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित संचालकहरु :

१. श्री किशोर कुमार महर्जन - अध्यक्ष
२. श्री लक्ष्मी प्रसाद महर्जन - संचालक
३. श्री शम्भुलाल डंगोल - संचालक
४. श्री लक्ष्मण यादव - संचालक
५. श्री अनिश महर्जन - संचालक

**५.२. अन्य पदाधिकारीहरुको उपस्थिति** :

१. श्री विशाल हुमागाईं - प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव
२. श्री प्रमोद भट्टराई - मुख्य प्रबन्धक, प्रमुख कर्जा अधिकृत
३. श्री मेनुका शर्मा बराल - प्रमुख, वित्त तथा लेखा विभाग
४. श्री ध्रुव कुमार श्रेष्ठ - शाखा प्रबन्धक, मुख्य शाखा
५. श्री रबिन महर्जन - प्रमुख, बजार व्यवस्थापन विभाग
६. श्री भीमसेन बन्जारा - कानूनी सल्लाहकार

**५.३ नियमनकारी निकायबाट भएको उपस्थितिः नभएको**

Progressive Finance Ltd. 2051

| विवरण | उपस्थिति | शेयर संख्याको प्रतिनिधित्व गर्ने प्रतिशत |
|---|---|---|
| शेयरधनीहरु | १०८ जना (५ जना संचालक समेत) स्वयं | |
| | प्रोक्सी १९ जनाको | ५५ प्रतिशत |
| शेयर संख्या | प्रतिनिधित्व भएको जम्मा शेयर संख्याः ४३,७५,७१९ | |

६. **गणपूरक संख्या** (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम गणपूरक संख्या) :

यस कम्पनीको प्रथम बार्षिक साधारण सभामा यस कम्पनीको बार्षिक साधारण सभा गर्नको लागि आवश्यक गणपूरक संख्या यस कम्पनीको बाँडफाँड भएको शेयर कित्ताको कम्तीमा ५० प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो (प्रोक्सी) प्रतिनिधिद्वारा उपस्थिति हुनु पर्ने प्रावधान यसै कम्पनीको नियमावलीको दफा २३ मा भएको व्यवस्था अनुसार कुल बाँडफाँड भएको शेयर कित्ता ८० लाख १ हजारमा ४३ लाख ७५ हजार ७ सय १९ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी जम्मा १०८ जना शेयरधनीहरुको स्वयं र १९ जना शेयरधनीहरु प्रतिनिधि ( प्रोक्सी) को माध्यमबाट उपस्थिति रहेको हुँदा सभा संचालनको लागि आवश्यक शेयर कित्ताको प्रतिनिधित्व र शेयरधनीहरुको संख्या उपस्थिति भएको थियो ।

७. **सभा संचालनको लागि बैधानिकताको एकिन** :

७.१. कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३(२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरुको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको प्रथम बार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या १०८ रहेको र निजहरुले धारण गरेको कुल शेयर संख्याको ५५ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुरा भएको र प्रचलित कानून अनुसार सभा संचालन गर्न बैधानिक भएको जानकारी सभालाई गराई सभाका सभापतिको अनुमतिले एक्काइसौं तथा बाइसौं बार्षिक साधारण सभाको कामकारवाही संचालन गराउनुभयो ।

७.२. यस कम्पनीको नियमावली, को नियम १९ (१) मा भएको व्यवस्था बमोजिम दिनको १२:३० बजे अध्यक्ष श्री किशोर कुमार महर्जनज्यूको अध्यक्षतामा वित्तीय संस्थाको एक्काइसौं तथा बाइसौं बार्षिक साधारण सभा शुरु भयो ।

८. **बार्षिक साधारण सभाको प्रस्तुति :**

१. सभाका अध्यक्षज्यूबाट पानसमा दिप प्रज्वलन गरी सभाको उद्‌घाट्न पश्चात वहाँकै अनुमतिले सभाको काम कारवाही शुरु गरियो ।

२. अध्यक्षज्यूले आफ्नो मन्तव्य दिनुहुँदै संचालक समितिका तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्नुभयो ।

३. त्यस पछि अध्यक्षज्यूले आ.व.२०७३/७४ तथा २०७४/७५को वासलात, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनूसूचीहरु समेत छलफलका लागी सभा समक्ष पेश गर्नुभयो ।

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत प्राप्त संस्था
Progressive Finance Limited
प्रोग्रेसिभ फाइनान्स लिमिटेड

**९. छलफलका लागि आह्वान :**

९.१. वित्तीय संस्थाको आ.व. २०७३/७४ तथा २०७४/७५ को प्रतिवेदन, वासलात, नाफा/नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर मन्तव्य प्रकट गर्न, सो सम्वन्धमा कुनै जिज्ञासा वा सुभाव भए जानकारी गराउन तथा छलफलका बिषयसूची अनुसार छलफल गरी निर्णय गर्न अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात देहायका शेयरधनीहरुले छलफलको क्रममा देहाय अनुसार जिज्ञासा एवं सुभावहरु ब्यक्त गर्नु भएको थियो ।

९.२. **छलफलमा सहभागी भई जिज्ञासा एवं सुभाव सहितको मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरु :**

१. श्री अमृतनाथ रेग्मी
२. श्री उद्धव प्रसाद घिमिरे
३. श्री नर्सिङलाल चख्खु
४. श्री अमिरदास रन्जित
५. श्री डमरुबल्लभ घिमिरे
६. श्री शिव प्रसाद पौडेल

**११. छलफलमा सहभागी हुनु भएका शेयरधनीहरुको विचारको प्रस्तुतीकरण :**

१. श्री अमृतनाथ रेग्मी

यसै वर्ष प्रत्येक प्रदेशमा कम्तीमा एक एक वटा शाखाहरु स्थापना गर्दा व्यवसाय विस्तारमा सघाउ पुग्नेछ । क्षेत्रीय स्तरका वित्तीय संस्थाहरुसँग मर्ज गर्ने वा उनीहरुलाई एक्वायर गर्ने रणनिती अपनाउँदा राम्रो हुनेछ । हस्तकला व्यवसायमा पनि सम्भावना देखिएको हुँदा उक्त क्षेत्रमा लगानी गर्ने योजना बनाउँदा राम्रो हुनेछ ।

२. श्री उद्धव प्रसाद घिमिरे

वित्तीय संस्था अब द्रुत गतिमा शाखा विस्तार तर्फ लाग्नुपर्ने देखिन्छ । यसले गर्दा संस्थाको व्यवसाय विस्तार भई लगानीकर्ताहरुलाई चाँडो प्रतिफल दिनसक्ने अवस्था आउँछ । साथै नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार चालू आर्थिक वर्षको वित्तीय विवरणहरु NFRS अनुसार तयार गर्नुपर्ने प्रावधान अनुरुप त्यसतर्फ तयार रहन ध्यानाकर्षण ।

३. श्री नर्सिङलाल चख्खु

विगत वर्षहरु भन्दा यस वर्ष संस्थाको वित्तीय विवरणहरुमा सुधार देखिएपनि खराब कर्जा आशातीत रुपमा नघटेको पाइयो । संस्थाको कोष लागत उच्च रहेकोले खुद ब्याज आम्दानी कम भई मुनाफामा उच्च वृद्धि हुन नसकेको देखिन्छ । अब संस्थाले सुसासन तथा सम्पत्तिको गुणस्तरमा विशेष ध्यान दिई अघि बढ्नुपर्ने देखिन्छ । यसका निम्ति संस्थाको व्यवस्थापनले कर्मचारीहरुको वृत्ति विकास तथा क्षमता अभिवृद्धिलाई विशेष ध्यान दिई गुणात्मक वृद्धिलाई विशेष प्राथमिकता दिनुपर्ने देखिन्छ ।

४. श्री अमिरदास रन्जित

अब संस्थाले व्यवसायिक दायरा अभिवृद्धि गर्दै शेयरधनीहरुलाई प्रतिफल दिनेतर्फ अघि बढ्नुपर्ने । समाजिक ख्याति रहेको ज्यापू समाजबाट प्रवर्द्धित भएकोले व्यवसाय विस्तारलाई सहयोग पुग्नेछ । राम्रो शेयर मुल्य तथा स्थान पाउने अवस्था भएमा नेपाल राष्ट्र बैंकले प्रोत्साहन गरिरहेको मर्जर तथा एक्विजिशन नितिलाई पनि विचार गर्न सकिन्छ ।

Progressive Finance Ltd. 2031

५. श्री डमरुबल्लभ घिमिरे

विभिन्न बैंकहरुमा कार्यकारी प्रमुखको अनुभव प्राप्त किशोर महर्जनज्यूको सक्षम नेतृत्व रहेकोले संस्थाले आगामी वर्ष मै नयाँ फड्को मार्नसक्ने विश्वास गर्न सकिन्छ । यसका निम्ति शुभकामना व्यक्त गर्दछु । साथै यसरी दुई वर्षको साधारण सभा एकै पटक गर्नु उचित नहुने हुँदा आगामी दिनमा नियमित साधारण सभा सम्पन्न गर्न आग्रह गर्दछु ।

६. श्री शिव प्र. पौडेल

शेयर डिबेन्चरहरुमा लगानी गर्दा right time in & right time out को रणनीति लागू गर्नुपर्ने देखिन्छ । नेपाल राष्ट्र बैंकबाट प्राप्त सुझावहरुको कार्यान्वयन हुनुपर्ने तथा आगामी दिनहरुमा साधारण सभा नियमित रुपमा सम्पन्न गर्न आग्रह गर्दछु ।

१२. **सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको अध्यक्षज्यूबाट जवाफ :**

बार्षिक प्रतिवेदन उपर वक्ता शेयरधनीहरुले देखाउनु भएको कमी, कमजोरी उपर अध्यक्षज्यूले धन्यवाद दिँदै उक्त कमी कमजोरीहरुलाई मध्यनजर गर्दै आगामी दिनमा सुधार गर्दै लैजाने प्रतिवद्धता ब्यक्त गर्नुभयो । शेयरधनी महानुभावहरुले उठाउनु भएको शाखा तथा व्यवसाय विस्तारको विषयमा अध्यक्षज्यूले आ.व. २०७६।७७ को अन्त्य सम्ममा संस्थाले १० वटा शाखा कार्यालयहरु स्थापना गरी व्यवसाय विस्तार गर्ने जानकारी दिनुभयो । साधारण सभा नियमित रुपमा सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्दै अध्यक्षज्यूले मर्जर र एक्विजिशनका विषयमा नेपाल राष्ट्र बैंकले बाध्यकारी व्यवस्था नगरेको अवस्थामा संस्थाले आफ्नो अस्तित्व बचाइराख्ने र क्षमता विकास गरी क्रमशः ख तथा क वर्गको बैंकमा स्तरोन्नतिका निमित्त प्रयासरत रहने जानकारी दिनुभयो । लगानीकर्ताहरुलाई शिघ्र प्रतिफल प्रदान गर्नका निम्ति संस्थाले विभिन्न संचालन खर्चहरुलाई न्यूनिकरण गरिरहेको छ । संस्थाले आगामी दिनमा स्थापना गर्ने शाखा कार्यालयहरु पनि सकेसम्म कम खर्चमा स्थापना गर्ने जानकारी दिनुभयो । अध्यक्षज्यूले चालू आर्थिक वर्षमा लगानीकर्ताहरुलाई प्रतिफल दिन नसकेपनि आगामी आर्थिक वर्षको अन्त्यसम्ममा भने केही प्रतिफल प्रदान गर्न सक्ने विश्वास व्यक्त गर्नुभयो ।

१३. **बार्षिक साधारण सभाको निर्णय** :

(क) **सामान्य प्रस्तावहरु :**

१. **संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुभएको आ.व. २०७३।७४ र २०७४।७५ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

संचालक समितिको तर्फबाट अध्यक्षज्यूले बार्षिक साधारण सभामा प्रस्तुत गर्नु भएको आ.व. २०७३/७४ तथा २०७४/०७५ को संचालक समितिको प्रतिवेदन उपर छलफल पश्चात पारित गर्न निर्णयार्थ सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहित २०७४ आसाढ मसान्तसम्म तथा २०७५ आषाढ मसान्त सम्मको वासलात तथा आ.व. २०७३।७४ तथा २०७४।०७५ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

लेखापरिक्षकको आ.व.२०७३/७४ तथा २०७४/७५ को लेखापरीक्षण प्रतिवेदन सहित २०७४ आषाढ मसान्त तथा २०७५ आषाढ मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड

Progressive Finance Ltd. 2051

हिसाब तथा नगद प्रवाह लगायत सो सँग सम्बन्धित सम्पूर्ण अनूसुचीहरु सहितको वित्तीय बिवरण माथि छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सर्वसम्मतीबाट स्वीकृत गरी पारीत गरियो ।

**३. कम्पनी ऐन, २०६३ को दफा ११३ अनुसार आ.व. ०७४/०७५ को लागि लेखापरीक्षक नियुक्ती गर्न कम्पनी रजिष्ट्रारको कार्यालयको स्वीकृति बमोजिम लेखापरीक्षक श्री एस्.एम.सी. एशोशिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सलाई दिईएको नियुक्ति र पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा ।**

कम्पनी ऐन, २०६३ को दफा ११३ अनुसार आ.व. ०७४/०७५ को लागि लेखापरीक्षक नियुक्ती गर्न कम्पनी रजिष्ट्रारको कार्यालयको स्वीकृति बमोजिम संचालक समितिको मिति २०७५/१०/१४ गते बसेको ४११ औं बैठकबाट नियुक्त बाह्य लेखापरीक्षक श्री एस्.एम.सी. एशोशिएट्स, चार्टड एकाउन्टेन्ट्सलाई आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण गरेबापत पारिश्रमिक कर बाहेक रु. बापत रु.१,५०,०००।- प्रदान गरिएकोमा यसलाई अनुमोदन गर्न अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७५/०७६ को लागि वाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०७५/७६ का लागी लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षज्यूले यस साधारण सभा समक्ष निर्णयार्थ प्रस्ताव पेश गर्नुभएकोमा संस्थाको लेखापरीक्षण समितिको मिति २०७६/०३/०५ गते बसेको बैठकले गरेको सिफारिस बमोजिम एस्.एम.सी. एशोशिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सलाई लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको लेखापरीक्षण तथा कर परीक्षण बापत पारिश्रमिक कर बाहेक रु. १,५०,०००।- (रुपैयाँ एक लाख पचास हजार मात्र) निर्धारण गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**५. संचालक समितिमा बाँकी कार्यकालका लागि भएको संचालकहरुको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।**

आर्थिक वर्ष २०७३।७४ एवं २०७४।७५को समिक्षा अवधिमा सञ्चालक समितिमा बाँकी कार्यकालका लागि सञ्चालकहरु श्री किशोर कुमार महर्जन, श्री लक्ष्मी प्रसाद महर्जन, श्री शम्भुलाल डंगोल तथा श्री अनिश महर्जनको नियुक्ति अनुमोदनका लागि अध्यक्षज्यूले गर्नुभएको प्रस्ताव सर्वसम्मतबाट पारित गर्ने निर्णय गरियो ।

**६. संस्थापक समुह "क" तर्फका ३ (तीन) जना तथा सर्वसाधारण समुह "ख" तर्फका ३ (तीन) संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।**

संस्थाको नियमावली को दफा २७को उपदफा ८ बमोजिम गठित संचालक समितिको पदावधि समाप्त भएकोले यस साधारण सभाबाट संस्थापक समूह "क" तर्फबाट ३ जना तथा सर्वसाधारण समुह "ख" तर्फबाट ३ जनाको प्रतिनिधित्व हुनेगरि जम्मा ६ जना सञ्चालकहरु ४ बर्षको कार्यकालका लागि देहाय बमोजिम निर्विरोध निर्वाचित हुनु भएको व्यहोरा निर्वाचन अधिकृत श्री रोशन कुमार बजिमयले सभा समक्ष जानकारी गराउनु भयो ।

| **शेयरधनीको नाम** | **पद** (संचालक समिति) |
|---|---|
| १. श्री किशोर कुमार महर्जन | - संचालक |
| २. श्री लक्ष्मी प्रसाद महर्जन | - संचालक |
| ३. श्री शम्भुलाल डंगोल | - संचालक |

Progressive Finance Ltd. 2051

Progressive Finance Limited

४. श्री समुन्द्र काजी श्रेष्ठ - संचालक
५. श्री अनिश महर्जन - संचालक
६. श्रीमति सविना महर्जन - संचालक

**ख) विशेष प्रस्तावहरु:**

**१) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा संसोधन गर्ने सम्बन्धी विषेश प्रस्ताव परित गर्ने तथा प्रबन्धपत्र तथा नियमावलीको संसोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरुप समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने सम्बन्धमा ।**

**प्रबन्धपत्रमा संशोधन सम्बन्धी निर्णयहरु :**

(क) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ मा भएको व्यवस्था अनुरुप राख्नुपर्ने भएकोले संस्थाको प्रबन्ध पत्रको दफा ४(भ)मा उल्लेख गरिएको "ग्राहकको निमित्त कमिशन एजेण्ट भई शेयर, डिबेञ्चर वा सुरक्षणको जिम्मा लिने, खरिद-बिक्री गरिदिने, शेयर, डिबेञ्चर वा सुरक्षणको लाभांश, ब्याज, मुनाफा आदि उठाई दिने," भन्ने व्यवस्थालाई संशोधन गरी **"ग्राहकको निमित्त कमिशन एजेण्ट भई शेयर, डिबेञ्चर वा सुरक्षणको जिम्मा लिने, खरिद-बिक्री गरिदिने, शेयरको लाभांश, डिबेञ्चर वा सुरक्षणको ब्याज आदि उठाई दिने र सो को लाभांश, मुनाफा वा ब्याज नेपाल भित्र वा विदेशमा पठाउने, ग्राहकको लागि सेफ डिपोजिट भल्टको व्यवस्था गर्ने"** उल्लेख गर्ने निर्णय गरियो ।

(ख) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ मा भएको व्यवस्था अनुरुप राख्न तथा संस्थाको व्यवसायिक दायरा अभिवृद्धि गरी ग्राहकहरुलाई थप सुविधा प्रदान गर्ने उद्देश्यले संस्थाको प्रबन्धपत्रको दफा ४ (थ)मा उल्लेख गरिएको "भारतीय रुपैंया खरिद तथा बिक्री गर्ने ।" भन्ने व्यवस्थालाई संशोधन गरी **"नेपाल राष्ट्र बैंकको स्वीकृति लिई विदेशी मुद्राको कारोबार गर्ने"** उल्लेख गर्ने निर्णय गरियो ।

(ग) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ मा भएको व्यवस्था अनुरुप राख्न संस्थाको प्रबन्धपत्रको दफा ४ (ध) मा उल्लेख गरिएको "आफू वा अन्य कुनै इजाजतपत्रप्राप्त संस्थाबाट कर्जा वा कुनै प्रकारको सुविधा लिने ऋणी वा ग्राहकको विवरण, सूचना वा जानकारी नेपाल राष्ट्र बैंक वा कुनै अन्य इजाजतपत्रप्राप्त संस्था बीच लिने दिने," भन्ने व्यवस्थालाई संशोधन गरी **"आफू तथा अन्य बैंक वा वित्तीय संस्थाबाट कर्जा लिने वा कुनै प्रकारको सुविधा लिने ऋणी वा ग्राहकको विवरण, सूचना वा जानकारी राष्ट्र बैंक, सम्बन्धित निकाय वा अन्य बैंक वा वित्तीय संस्था बीच लिने दिने,"** उल्लेख गर्ने निर्णय गरियो ।

(घ) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ मा भएको व्यवस्था अनुरुप राख्न संस्थाको प्रबन्धपत्रको दफा ४ (य)मा रहेको व्यवस्था "नेपाल राष्ट्र बैंकले तोकेका वा स्वीकृति दिएका अन्य काम गर्ने," लाई संशोधन गरी **"विद्युतीय उपकरण वा साधनको माध्यमबाट निक्षेप स्वीकार गर्ने, भुक्तानी दिने, लेनदेन गर्ने, मध्यस्थताको काम गर्ने र रकमान्तर गर्ने,"** भन्ने व्यवस्था उल्लेख गर्ने निर्णय गरियो ।

ङ) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ मा भएको व्यवस्था अनुरुप राख्न संस्थाको प्रबन्धपत्रको ४(र) थप गरी **"आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकबाट पुनर्कर्जा लिने वा अन्य बैंक वा वित्तीय संस्थाबाट कर्जा लिने दिने,"** भन्ने व्यवस्था उल्लेख गर्ने निर्णय गरियो ।

Progressive Finance Ltd. 2051

च) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ मा भएको व्यवस्था अनुरुप राख्न संस्थाको प्रबन्धपत्रको ४(ल) थप गरी **"पूँजीकोष पुरा गर्ने प्रयोजनका लागि शेयर, डिबेञ्चर, ऋणपत्र आदि जारी गर्ने,"** भन्ने व्यवस्था उल्लेख गर्ने निर्णय गरियो ।

छ) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ मा भएको व्यवस्था अनुरुप राख्न संस्थाको प्रबन्धपत्रको ४(व) थप गरी **"बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन र प्रचलित कानून बमोजिम आफ्नो स्वामित्वमा आउने सबै प्रकारका जायजेथाको उचित व्यवस्थापन तथा बिक्री गर्ने,"** भन्ने व्यवस्था उल्लेख गर्ने निर्णय गरियो ।

ज) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ मा भएको व्यवस्था अनुरुप राख्न संस्थाको प्रबन्धपत्रको दफा ४(स) थप गरी **"नेपाल राष्ट्र बैंकको स्वीकृति लिई सहायक कम्पनी खोल्ने,"** भन्ने व्यवस्था उल्लेख गर्ने निर्णय गरियो ।

झ) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ मा भएको व्यवस्था अनुरुप राख्न संस्थाको प्रबन्धपत्रको दफा ४(ष) थप गरी **"आफ्नो सम्पत्तिको कुनै अंश वा पूरै बिक्री गर्ने वा लिजमा दिने,"** भन्ने व्यवस्था उल्लेख गर्ने निर्णय गरियो ।

ञ) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ मा भएको व्यवस्था अनुरुप राख्न संस्थाको प्रबन्धपत्रको दफा ४(श) थप गरी **"खरिद गरिएको कुनै पनि वस्तुको तत्काल वा पछि भुक्तानी गर्ने (डिफर्ड) मूल्यमा अर्को खरिदकर्तालाई बिक्री गर्नु परेमा वित्तीय संस्था र बिक्रेताको सहमति अनुसार सो वस्तुको मूल्य तय गर्ने,"** भन्ने व्यवस्था उल्लेख गर्ने निर्णय गरियो ।

ट) धितोपत्र निक्षेप सम्वन्धी थप सेवा प्रदान गर्न आवश्यक भएकोले संस्थाको प्रबन्धपत्रको दफा ४(ह) थप गरी **"नेपाल धितोपत्र बोर्डले जारी गरेको निर्देशनको अधिनमा रही धितोपत्रको केन्द्रीय निक्षेप सेवा प्रदान गर्ने सम्बन्धी कार्यहरु गर्न सक्ने,"** भन्ने व्यवस्था उल्लेख गर्ने निर्णय गरियो ।

ठ) धितोपत्र खरीद दरखास्त संकलन प्रणाली (ASBA) सेवा प्रदान गर्न संस्थाको प्रबन्धपत्रको दफा ४(क्ष) थप गरी **"प्रचलित कानुनको अधिनमा रही धितोपत्र खरीद दरखास्त संकलन प्रणाली (ASBA) अन्तर्गत धितोपत्र दरखास्त संकलन सम्बधि कामहरु गर्ने ।"** भन्ने व्यवस्था उल्लेख गर्ने निर्णय गरियो ।

ड) बिमा कम्पनीहरुसँग व्यवसायिक समवन्ध कायम गरी ग्राहकहरुलाई सुविधा प्रदान गर्नुपर्ने भएकोले संस्थाको प्रबन्धपत्रको दफा ४(त्र) थप गरी **"प्रचलित कानुन र सम्बन्धित निकायको स्वीकृति लिई आफ्ना ग्राहकहरुको लागि मात्र वीमा अभिकर्ताको रुपमा कार्य गर्ने,"** भन्ने व्यवस्था उल्लेख गर्ने निर्णय गरियो ।

ढ) साविक दफा ४ (य) लाई यस दफामा समायोजन गर्न संस्थाको प्रबन्धपत्रको दफा ४(ज्ञ) थप गरी **"नेपाल राष्ट्र बैंकले तोकेका वा स्वीकृति दिएका अन्य काम गर्ने,"** भन्ने व्यवस्था उल्लेख गर्ने निर्णय गरियो ।

Progressive Finance Ltd. 2051

**नियमावलीमा संशोधन सम्बन्धी निर्णयहरु**

क) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम परिमार्जन गनुपर्ने भएकोले संस्थाको नियमावलीको नियम ८ को उपनियम (२) मा उल्लेख गरिएको "यस वित्तीय संस्थामा ७ जनाको संचालक समिति हुनेछ । सो समितिमा समुहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरी **"यस वित्तीय संस्थामा ७ जनाको संचालक समिति हुनेछ । सो समुहमा आगामी कार्यकाल देखि कम्तीमा १ जना महिला संचालकको प्रतिनिधित्व हुने गरि समुहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ ।"** भन्ने व्यवस्था उल्लेख गर्ने निर्णय गरियो ।

ख) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम परिमार्जन गनुपर्ने भएकोले संस्थाको नियमावलीको नियम ८ को उपनियम (२) ग मा उल्लेख गरिएको "नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञहरुको सूचीबाट संचालक समितिले नियुक्त गरेको व्यवसायिक संचालक १ (एक) जना" भन्ने व्यवस्थालाई संशोधन गरी **"प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐनले तोके बमोजिमको योग्यता र अनुभव भएको संचालक समितिबाट नियुक्त स्वतन्त्र संचालक १ (एक) जना ।"** भन्ने व्यवस्था उल्लेख गर्ने निर्णय गरियो ।

ग) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम परिमार्जन गनुपर्ने भएकोले संस्थाको नियमावलीको नियम ८ को उपनियम (३) मा उल्लेख गरिएको "संचालकहरुको कार्यकाल ४ बर्षको हुनेछ । निजहरु उक्त पदमा पुनः निर्वाचित, मनोनित वा नियुक्ति हुन सक्ने छन् तर संस्थाको अध्यक्ष र संचालक लगातार दुई पटक भन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्त हुन सक्ने छैन ।" भन्ने व्यवस्थालाई संशोधन गरी **"संचालकहरुको कार्यकाल ४ बर्षको हुनेछ । निजहरु उक्त पदमा पुनः निर्वाचित, मनोनित वा नियुक्ति हुनसक्ने छन् तर संस्थाको कार्यकारी अध्यक्ष र कार्यकारी संचालक लगातार दुई पटक भन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्त हुनसक्ने छैन ।"** भन्ने व्यवस्था उल्लेख गर्ने निर्णय गरियो ।

घ) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम परिमार्जन गर्नुपर्ने भएकोले संस्थाको नियमावलीको नियम १० को उपनियम (६) मा उल्लेख गरिएको "संचालक समितिको बैठक बर्षमा कम्तीमा वाह्र पटक बस्नु पर्नेछ । तर दुईवटा बैठकको बिचको फरक दुई महिना भन्दा बढी हुने छैन ।" भन्ने व्यवस्थालाई संशोधन गरी **"संचालक समितिको बैठक बर्षमा कम्तीमा बाह्र पटक बस्नुपर्नेछ । तर दुईवटा बैठकको बिचको फरक साठी दिन भन्दा बढी हुने छैन ।"** भन्ने व्यवस्था उल्लेख गर्ने निर्णय गरियो ।

ङ) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम परिमार्जन गर्नुपर्ने भएकोले संस्थाको नियमावलीको नियम १६ को उपनियम (१) मा उल्लेख गरिएको "प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले व्यवस्था गरे बमोजिम नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञहरुको सूचीबाट संचालक समितिले एक (१) जना व्यवसायिक संचालक नियुक्त गर्नेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरी **"प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनले व्यवस्था गरे बमोजिमको योग्यता र अनुभव भएकोबाट संचालक समितिले एक (१) जना स्वतन्त्र संचालक नियुक्त गर्नेछ ।"** भन्ने व्यवस्था उल्लेख गर्ने निर्णय गरियो ।

च) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम परिमार्जन गर्नुपर्ने भएकोले संस्थाको नियमावलीको नियम १७ मा उल्लेख गरिएको "स्वतन्त्र संचालक सम्बन्धि व्यवस्था, संख्या र योग्यता : वित्तीय संस्थामा नेपाल राष्ट्र बैंकले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले तोकेको

Progressive Finance Ltd. 2051

व्यवस्थाको अधिनमा रही कायम गरेको व्यवसायिक विशेषज्ञहरुको सूचीबाट संचालक समितिले नियुक्ति गरेको १ जना व्यवसायिक संचालक नै स्वतन्त्र संचालकको रुपमा रहनेछ । निजको काम, कर्तव्य, अधिकार तथा सुविधा र कार्यकाल नियम १६ मा उल्लेख भए बमोजिम हुनेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरी **"स्वतन्त्र संचालक सम्बन्धी व्यवस्था, संख्या र योग्यता : प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनले व्यवस्था गरे बमोजिमको योग्यता र अनुभव भएकोबाट संचालक समितिले एक (१) जना स्वतन्त्र संचालक नियुक्त गर्नेछ । निजको काम, कर्तव्य, अधिकार तथा सुविधा र कार्यकाल नियम १६ मा उल्लेख भए बमोजिम हुनेछ ।"** भन्ने व्यवस्था उल्लेख गर्ने निर्णय गरियो ।

छ) वि.सं. २०६२ साल पश्चात संसोधन नभएको हुँदा समय सापेक्ष संसोधन गर्नुपर्ने देखिएकोले संस्थाको नियमावलीको नियम २९ मा उल्लेख गरिएको

"संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धि व्यवस्था:

क) दैनिक कार्य संचालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न संचालकले मात्र संचालक समितिले निर्धारण गरे बमोजिमको मासिक पारिश्रमिक पाउनेछ ।

ख) संचालक समितिको बैठकमा उपस्थित भए वापत संचालकले पाउने बैठक भत्ता रु. २,०००/- र समितिका अध्यक्षले पाउने भत्ता रु. २,२००/- हुनेछ । तथा टेलिफोन, पत्रपत्रिका र सवारी भाडा वापत प्रतिमहिना रु. १,५००/- भुक्तानी दिईनेछ ।

ग) वित्तीय संस्थाको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भम्रण भत्ता देहाय बमोजिम हुनेछ :

अ) दैनिक भत्ता रु. १,५००/-

आ) भ्रमण भत्ता रु. ९,००/-

घ) अन्य सुविधा साधारण सभाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(३) संचालकले यस नियममा लेखिए देखि बाहेक कुनै व्यक्तिगत फाइदा वा सुविधा लिएको पाइएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम कसुर गरेको मानी त्यस्तो रकम निजबाट असूल उपर गरिनेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरी

**"सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :**

**(१) संचालकले पाउने मासिक पारिश्रमिक, बैंठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोके अनुसार देहाय बमोजिम हुनेछ :-**

**(क) दैनिक कार्य संचालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न संचालकले मात्र संचालक समितिले निर्धारण गरे बमोजिमको मासिक पारिश्रमिक पाउनेछ । स्वदेश तथा विदेशको भ्रमण खर्च टिकट बमोजिमको वास्तविक खर्च भएको रकमको आधारमा भुक्तानी दिनेछ ।**

**(ख) सञ्चालक समितिको बैंठकमा उपस्थित भएबापत अध्यक्ष र अन्य संचालकले पाउने प्रति बैंठक भत्ता क्रमश: रु.७,०००/- र रु.६,०००/- हुनेछ । तथा टेलिफोन, पत्रपत्रिका र सवारी भाडा वापत प्रति महिना रु. ५,०००/- भुक्तानी दिईनेछ ।**

**(ग) वित्तीय संस्थाको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :–**

**(अ) स्वदेशमा दैनिक भत्ता रु. ५,०००/-**

**(आ) भारतमा दैनिक भत्ता भा.रु. ५,०००/-**

**(इ) भारत वाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर १२०/-**

**(ई) भ्रमण भत्ता बिल बमोजिम ।**

Progressive Finance Ltd. 2051

(२) **संचालकले यस नियमावलीमा लेखिए देखि बाहेक कुनै व्यक्तिगत फाइदा वा सुविधा लिएको पाइएमा ऐन बमोजिम कसूर गरेको मानी त्यस्तो रकम निजबाट असूल उपर गरिनेछ ।"** भन्ने व्यवस्था उल्लेख गर्ने निर्णय गरियो ।

ज) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम परिमार्जन गर्नुपर्ने भएकोले संस्थाको नियमावलीको नियम ३१ को उपनियम (३)मा उल्लेख गरिएको "वित्तीय संस्थाले आर्थिक बर्ष समाप्त भएको पाँच महिनाभित्र वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका अन्य वित्तीय विवरण नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरीका अनुसार तयार गरी आफ्नो हिसाब किताबको लेखापरीक्षण गराउने छ । यस्तो वित्तीय विवरणमा कम्तीमा दुई जना संचालक, कार्यकारी प्रमुख र लेखा परीक्षकको सही भएको हुनु पर्नेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरी **"वित्तीय संस्थाले आर्थिक बर्ष समाप्त भएको चार महिना भित्र वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका अन्य वित्तीय विवरण नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरीका अनुसार तयार गरी आफ्नो हिसाब किताबको लेखापरीक्षण गराउने छ । यस्तो वित्तीय विवरणमा कम्तीमा दुई जना संचालक, कार्यकारी प्रमुख र लेखापरीक्षकको सही भएको हुनु पर्नेछ ।"** भन्ने व्यवस्था उल्लेख गर्ने निर्णय गरियो ।

झ) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम परिमार्जन गर्नुपर्ने भएकोले संस्थाको नियमावलीको नियम ३१ को उपनियम (६)मा उल्लेख गरिएको " उपनियम (३) बमोजिमको अवधि भित्र लेखा परीक्षण गराउन नसकेमा बित्तीय संस्थाले मनासिब कारण सहित म्याद थपको लागि नेपाल राष्ट्र बैंकमा अनुरोध गर्नु पर्नेछ र यस्तो थप अवधि बढीमा तीन महिनाको हुनेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरी **"उपनियम (३) बमोजिमको अवधिभित्र लेखापरीक्षण गराउन नसकेमा वित्तीय संस्थाले मनासिब कारण सहित म्याद थपको लागि नेपाल राष्ट्र बैंकमा अनुरोध गर्नुपर्नेछ र यस्तो थप अवधि बढीमा दुई महिनाको हुनेछ ।"** भन्ने व्यवस्था उल्लेख गर्ने निर्णय गरियो ।

साथै प्रबन्धपत्र तथा नियमावलीको संसोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरुप समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने निर्णय गरियो ।

२. **यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने, "बैंक तथा वित्तीय संस्था प्राप्ति (Acquisition) सम्बन्धी विनियमावली, २०७०" बमोजिम एक्विजिसन गर्ने गराउने, सो सम्बन्धमा बित्तीय संस्थाको चलअचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन(Due Diligence Audit) गर्ने, मान्यताप्राप्त परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समझदारी पत्र(Memorandum of Understanding) तर्जुमा गर्ने र अन्यप्रक्रिया समेत पूरा गरी सोमा हस्ताक्षर गर्ने लगायत गाम्ने/गाभिने वा एक्विजिसन गर्ने गराउने कार्यसँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।**

यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने, "बैंक तथा वित्तीय संस्था प्राप्ति (Acquisition) सम्बन्धी विनियमावली, २०७०" बमोजिम एक्विजिसन गर्ने गराउने, सो सम्बन्धमा बित्तीय संस्थाको चलअचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन(Due Diligence Audit) गर्ने, मान्यताप्राप्त परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समझदारी पत्र(Memorandum of

Progressive Finance Ltd. 2051

Understanding) तर्जुमा गर्ने र अन्यप्रक्रिया समेत पूरा गरी सोमा हस्ताक्षर गर्ने लगायत गाम्ने/गाभिने वा एक्विजिसन गर्ने गराउने कार्यसँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

**(ग) विविधः**

यस शिर्षक अन्तर्गत छलफल गरी निर्णय गरिरहनु पर्ने कुनै थप प्रस्तावहरु नभएको हुँदा यस विविध शिर्षक माथि छलफल नभएको ।

**धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

यस एक्काइसौं तथा बाइसौं वार्षिक साधारण सभाको सूचनामा तोकिए बमोजिमका प्रस्तावहरु माथि छलफल तथा निर्णयको क्रम समाप्त भएको हुँदा अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै वहाँहरुबाट प्राप्त मार्गदर्शन महत्वपूर्ण रहेको धारणा व्यक्त गर्दै आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु, लेखापरीक्षक, वित्तीय संस्था संचालनको क्रममा सहयोग गर्ने सम्पूर्ण नियमनकारी निकायहरु, पत्रकार, व्यवस्थापन लगायत उपस्थित सबैमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन सहित सभा विसर्जन गर्नुभयो ।

............

विशाल हुमागाईं
कम्पनी सचिव

Progressive Finance Ltd. 2051

............

किशोर कुमार महर्जन
अध्यक्ष

संस्थाको छाप :

मिति : २०७६ आषाढ २९ गते आइतबार